दर्ता नं. ३४/०६५/०६६

जिम्मेवार पत्रकारिता

# तराई संचार

www.teraisancharnews.com राष्ट्रिय दैनिक

मोवाईलबाट तराई सञ्चार राष्ट्रिय दैनिक पत्रिका पढ्नका लागि तल दिईएको क्युआर कोर्ड स्क्यान गर्नुहोस्

☐ वर्षः १२ ☐ अङ्क–२६८ ☐ २०८२ जेठ २५ आईतवार– ☐ June 8, 2025 Sunday ☐ पृष्ठ सङ्ख्या ४ ☐ मूल्य ५/–

## बाराको करैयामाईमा दोस्रो गोल्डकप शुरू

## खेलकुदको माध्यमले करैयामाईलाई देश तथा बिदेशमा चिनाउन आग्रह



◆तराई संचार
*कोल्हबी, जेठ २४*

बाराको करैयामाई ७ उमजनमा दोस्रो करैयामाई गोल्डकप २०८२ शुरु भएको छ। आयोजक नव जन प्रगति युवा क्लब करैयामाई ७ उमजनका अध्यक्ष रुपनारायण यादवको अध्यक्षता सम्पन्न भएको कार्यक्रमको प्रमुख अतिथी करैयामाई गाउँपालिका अध्यक्ष शम्भु प्रसाद यादवले उदघाटन गर्नु भएको थियो। कार्यक्रमलाई सम्बोधन गर्नु हुदै प्रमुख अतिथी समेत रहनु भएका अध्यक्ष शम्भु प्रसाद यादवले खेलकुदको माध्यमले करैयामाई गाउँपालिकालाई देश तथा बिदेशमा चिनाउन सम्पुर्ण खेलाडीहरुलाइ आग्रह गर्नु भयो।

प्रमुख अतिथि यादबले पालिकामा खेलकुद मात्रै नभइ समाजिक सास्कृती झल्किने जस्तै झिझिया, जितिया पर्व, माघी सास्कृती पर्व यो बर्ष करैयामाई गाउँपालिकाले आयोजना गर्ने बताउनु भयो। कार्यक्रममा शुभकामना मन्तव्य रामनारायण साह, जयलाल यादव, जगनारायण चौधरी, वडा न ५ का वडा अध्यक्ष उमेश चौधरी, ७ का वडा अध्यक्ष बिरिज चौधरी, गा पा उपाध्यक्ष सुनैना देवि चौधरी लगाएतकोले राख्नु भएको थियो।

गोपाल चौधरीले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य मनिन्द्र चौधरीको रहेको थियो।उद्घघाटन समारोहमा बिरगंज सिटि बिरगंज र आयोजक नव जन प्रगति युवा क्लब उमजन बिच प्रतिस्पर्धा भएको थियो।निर्धारित समयमा कुनै पनि टिमले गोल गर्न नसक्दा खेल ट्राइब्रेकरमा धकेलिएको थियो। ट्राइब्रेकरमा आयोजक क्लब ३ को विरुद्ध ४ गोलले बिजय भएको हो।खेलको मैन अफ दि मैच आयोजक क्लबका गोलरक्षक रोशन साह घोषित भए। वडा न ७ का वडा अध्यक्ष बिरिज चौधरीले पुरस्कार बितरण गर्नु भएको हो। प्रतियोगिता अन्तरगत आइतबारको खेल बारा ११ र योङ्ग स्टार युवा क्लब निजगढको बिरुध खेल हुने आयोजक क्लबका सचिव गोपाल चौधरीले जानकारी दिनु भएको छ। कार्यक्रममा विशिष्ट अतिथीहरु गापा कि उपाध्यक्ष सुनैना कुमारी चौधरी, नेकपा एस बारा जिल्ला अध्यक्ष बिजेन्द्र चौधरी, वडा न ५ का वडा अध्यक्ष उमेश चौधरी, ७ का

बाँकी पृष्ठ ४ मा

## बाराको निजगढमा ट्राफिक जनचेतना मूलक कार्यक्रम सञ्चालन

◆तराई संचार
*निजगढ, जेठ २४*

सवारी दुर्घटना न्यूनीकरणको उद्देश्यसहित बाराको निजगढमा ट्राफिक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रममा ट्राफिक नियमको पालनाबारे सर्वसाधारण र चालक लगायतलाई सचेतना दिइएको हो।बारा जिल्ला ट्राफिक प्रहरी कार्यालयका निरीक्षक दीपक केसीले सचेतनामूलक अभियानले सडक सुरक्षाबारे आममानिसमा चेतना वृद्धि गर्ने बताउनु भएको छ।

साता भर सञ्चालन हुने अभियानअन्तर्गत बाराको विभिन्न स्थानमा ट्राफिक शिक्षा, सवारी चालकलाई नियमबारे जानकारी, सडकमा सचेतनामूलक प्लेकार्ड प्रदर्शन लगायत कार्यक्रम राखिएको उनले बताए। प्रहरीले ट्राफिक नियम




उल्लंघन गर्नेहरूमाथि सचेत गराउँदै संयमित र सुरक्षित सवारी चलाउन आग्रह गरेका छन।

निजगढ।निजगढमा सञ्चालित अन्तरविद्यालय क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने दुई विद्यार्थीलाई विशेष सम्मान गरिएको छ। प्रतियोगितामा निरन्तर १३ ओभर बलिङ गरेका कारण उनलाई राष्ट्रिय स्वतन्त्र पाटीका बारा जिल्ला सचीव रामहरि खरेलले व्याट हस्तान्तरण गरी सम्मान गरेका हुन।

## निजगढमा भएको क्रीकेट प्रतियोगिताको ट्रफी निजगढ ८ गौरीशंकर माविलाई

◆तराई संचार
*निजगढ, जेठ २४*

बाराको निजगढमा भएको प्रथम नगर स्तरीय अन्तर विद्यालय क्रीकेट प्रतियोगिताको ट्रफी निजगढ ८ को गौरीशंकर माविले जितेको छ। जितसंगै गौरीशंकरले ३० हजार पुरस्कार राशी हात पार्न सफल भएको छ। शनिबार भएको अन्तिम खेलमा गौरीशंकर मावि निजगढ ८ ले निजगढ ६ को गौरीशंकर मावि सडकटोललाई ५ विकेटले पराजित गर्दै जित हात पारेको हो।

उपविजेता बनेको गौरीशंकर सडकटोलले २० हजार पुरस्कार पाएको छ। प्रतियोगिताको



विजयी टोली र खेलाडीहरुलाई निजगढ नगरपालिकका नगर प्रमुख सुरथ पुरी, उपप्रमुख सोममाया थिङ्ग, प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र अर्याल, लेखा अधिकृत शिवप्रसाद देवकोटा, निजगढ नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख उत्तम लामिछाने लगायतले ट्रफी र पुरस्कार प्रदान गर्नुभएको थियो। प्रतियोगितामा

बाँकी पृष्ठ ४ मा

## प्रेस काउन्सिलद्धारा सञ्चार माध्यमहरूको अनुगमन तथा छलफल

◆तराई संचार
*कलैया, जेठ २४*

प्रेस काउन्सिल नेपालको टोलीले माध्यमहरूको अनुगमन तथा छलफल समेत गरेको छ। बारा जिल्लाको सदरमुकाम कलैया आएको टोलीले पत्रपत्रिकाको समस्या बारे जानकारी समेत लिएका थिए। काउन्सिलको आचारसंहिता अनुगमन शाखाको नेतृत्वमा टोली आएको हो।

टोलीले बारामा सञ्चालित सञ्चार भ्रमणको उद्देश्य मिडियामा देखिएका आचारसंहिताका उल्लंघन, वितरण व्यवस्थाको अवस्था, र लोककल्याणकारी विज्ञापनका विषयमा अवलोकन र संवाद गर्नु रहेको बताईएको छ। छलफल कार्यक्रमलाई सम्बोधन गर्दै प्रेस



काउन्सिल नेपाल, आचारसंहिता अनुगमन शाखा प्रमुख महेन्द्रराज सिंहले आचारसंहिता उल्लंघन दिनप्रतिदिन बढ्दै गएको बताउनु भएको थियो। उनले काउन्सिलले सञ्चारमाध्यमको सामग्रीहरूको पनि नियमित अनुगमन गर्दै आएको बताउनु भएको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बाराका अध्यक्ष रमेश सुवेदीले पत्रकारिता क्षेत्रलाई प्राथमिकतामा राखेर लोककल्याणकारी विज्ञापनको बजेट वृद्धि गर्नुपर्ने माग गरे। प्रेस काउन्सिलद्वारा पत्रपत्रिकाको पीडीएफ अभिलेख राख्ने कार्यलाई सराहना गर्दै बजारमा हुने वितरण अवस्था अनुगमन थप नियमित गर्नुपर्ने उनले बताए। छलफलमा सहभागी पत्रकार तथा सरोकारवालाले पत्रपत्रिका सञ्चालनमा आर्थिक संकट गहिरिँदै गएको बताए। प्रेस काउन्सिलको टोलीले बारामा सञ्चालित सञ्चारमाध्यमहरूको प्रत्यक्ष अवलोकन गर्ने कार्यक्रम समेत रहेको उनले बताए।

## स्वास्थ्य चौकिको पर्खाल निर्माण कार्यको शिलान्यास

◆तराई संचार
*सिमरा, जेठ २४*

बाराको जितपुरसिमरा उपमहानगरपालिका–१० नितनपुरमा रहेको स्वास्थ्य चौकिको पर्खाल निर्माण कार्यको शिलान्यास गरिएको छ।

मधेश प्रदेश सभा सदस्य देवनारायण चौधरीले विधिवत पूजा गरी पर्खाल निर्माणको शिलान्यास गरेका हुन। कार्यक्रममा बोल्दै मधेश प्रदेश सभा सदस्य चौधरीले आफ्नो संसदीय क्षेत्रका जनताको मागलाई प्राथमिकतामा राखेर स्वास्थ्य, शिक्षा र खेलकुद क्षेत्रलाई मुख्य प्राथमिकता दिइएको बताए।

चौधरीको संसदीय कोषबाट करिब २५ लाख रुपैयाँको लागतमा नितनपुर स्वास्थ्य चौकिको पर्खाल निर्माण हुन लागेको हो। शिलान्यास कार्यक्रममा वडा नं. १० का वडाध्यक्ष सञ्जय पटेलले स्वास्थ्य चौकीको सुरक्षा र सेवा विस्तारका लागि पर्खाल निर्माण अत्यावश्यक रहेको बताए।

## कलैयामा दोस्रो बारा भेट्रान्स फुटबल प्रतियोगिता जेठ २७ गतेबाट

◆तराई संचार
*कलैया, जेठ २४*

कलैया फुटबल क्लवको आयोजनामा दोस्रो बारा भेट्रान्स फुटबल प्रतियोगिता जेठ २७ गतेबाट बाराको सदरमुकाम कलैयामा हुने भएको छ।बाराको कलैयास्थित कलैया फुटबल क्लबको सचिवालयमा शनिबार पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिता बारे जानकारी दिएको हो। दोस्रो भेट्रान्स फुटबल प्रतियोगिता २०८२ जेठ २७ गतेदेखी २०८२ असार ३ सम्म सिद्धेश्वर खेल परिसरमा हुने भएको हो। प्रतियोगितामा कलैया फुटबल क्लब रातो, कर्जन्हा भेट्रान




सिरहा, कमलडाडा एफ।सि हेटौंडा, एन।एफ।सि निजगढ, आरम्भ भेट्रान बिरगंज, कलैया फुटबल क्लब निलो, पटना सिटी भेट्रान क्लब भारत र वीरगंज सिटी क्लब वीरगंज लगायत ८ वटा टिम सहभागी रहेको जनाइएको छ।

सो प्रतियोगितामा पहिलो बिजेतालाई ५१ हजार, दोस्रो २५ हजार ५०१ रहेको छ। प्रत्येक दिन मैन अफ द मैच, प्रतियोगितामा बेस्ट गोल किपर, बेस्ट डिफेन्स, बेस्ट मिड

बाँकी पृष्ठ ४ मा

## सिंगौलमा निशुल्क स्वास्थ्य शिविर सम्पन्न

◆तराई संचार
*निजगढ, जेठ २४*

बाराको निजगढ १ सिंगौलमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको छ। निजगढ–८ शहीदचोकस्थित सप्तरेखी महिला पशुपालन सहकारी संस्थाको आयोजनामा निजगढ–१ नमुना बस्तीस्थित श्री शिक्षाशक्ति आधारभूत विद्यालयमा शिविर सम्पन्न भएको हो।

वडा नं. १ का वडा अध्यक्ष

बाँकी पृष्ठ ४ मा

*तिम्रो अनुमति बिना कसैले तिमीलाई होच्याउन सक्दैन् ।*

**-एलेनर रूजभेल्ट**

तराईसञ्चार
राष्ट्रिय दैनिक
**प्रकाशक/सम्पादक**
**गुरुप्रसाद गौतम**
९८४५०२०३५३
९८५५०२५३५३
**कार्यकारी सम्पादक**
**सिकेन्द्र पासवान**
९८४५१२८६८४
सम्पर्क
**तराई सञ्चार राष्ट्रिय दैनिक**
*teraisancharbara9@gmail.com,*
*gautamguru9@gmail.com*
*www.teraisancharnews.com*
*facebook:-teraisancharnews*
*Twitter x :-@terai_sanchar*
*Instagram :-teraisanchar*
मुद्रक: तराई अफसेट प्रेस,सिमरा
फोन: ९८५५०२५३५३

# मानव, वातावरण र पारिस्थितिक प्रणाली

**डा. एमपी भट्ट**

जैविक एवं पर्यावरणमैत्री कृषि प्रणालीलाई प्राथमिकता दिइनुपर्दछ । ब्रह्माण्डमा पृथ्वी मानवलगायत सम्पूर्ण जीवजन्तु र प्राणीका लागि एकमात्र उपयुक्त ग्रह हो । आज पृथ्वीको जनसंख्या करिब ८.२ अर्ब पुगिसकेको छ, जुन सन् १९७५ मा (४.०६ अर्ब) अर्थात् ५० वर्षअघिको तुलनामा दुई गुणाभन्दा बढी र सय वर्षअगाडि (२ अर्ब) को भन्दा चार गुणा बढी हो ।

सन् १८०० मा पृथ्वीको जनसंख्या जम्मा करिब एक अर्बमात्र थियो । आजको जनसंख्याको आवास र खाद्यलगायत सम्पूर्ण आपूर्ति पूरा गर्न पृथ्वीमा भएका प्राकृतिक सम्पदा र साधनस्रोतले धान्न सक्ने क्षमताभन्दा बढी चाप परिरहेको छ । धेरै प्रक्षेपणअनुसार यो जनसंख्या सन् २१०० मा करिब १०.९ अर्ब पुग्ने अनुमान गरिएको छ । वर्तमान अवस्थामै खाद्यान्न संकट, स्वच्छ पिउने पानीको कमी, वनजंगल विनाश, खेतीयोग्य भूमिको ह्रास, हिमशृंखलाहरूमा ह्रास र विश्वको ९० प्रतिशत जनसंख्या कुनै न कुनै किसिमबाट प्रदूषित हावामा बस्न बाध्य भएको अवस्था छ ।

अहिलेको यस अवस्थालाई हेरेर यदि विश्वको जनसंख्या १०.९ अर्ब पुगेको खण्डमा पृथ्वीको अवस्था कस्तो होला भनेर सहजै अनुमान लगाउन सकिन्छ । विश्वको खेतीयोग्य जमिनको करिब ६६ प्रतिशत भागमा ह्रास आइसकेको तथ्यांकहरू आइसकेका छन् । र विश्वभरबाट करिब २.३ अर्ब मानिसहरू खाद्य असुरक्षाको संकटमा पर्दैछन् । पृथ्वीमा भएका जैविक विविधतामा तीव्र गतिमा ह्रास आइरहेको छ ।

हरितगृह ग्यासहरूको अनियमित उत्सर्जनले गर्दा पृथ्वीमा असामान्य जलवायु ढाँचा परिवर्तन भइरहेको संकेतहरू देखा पर्न थालिसकेका छन् । उदाहरणका लागि गत वर्ष २०२४ को अक्टोबरको अन्तमा स्पेनमा गएको बाढी र जनवरी २०२५ मा क्यालिफोर्नियामा लागेको जंगलको आगलागी जसबाट ठूलो धनजनको क्षतिका साथै वातावरणमा समेत ठूलो असर पर्न सक्ने देखिन्छ ।

विगतका दशकहरूमा प्रयोग भएका कीटनाशक विभिन्न किसिमका रसायनहरूका कारण माहुरलगायत परिभ्रमणाकारी किटकहरूको जनसंख्यामा ठूलो मात्रामा ह्रास आइरहेको देखिन्छ । सन् २०२१ को वातावरण विज्ञानको एक तथ्यांकअनुसार विश्वभरिमा करिब ४२ लाख टन कीटनाशक रसायनको प्रयोग भएको देखिन्छ । यस्ता रसायनहरूको प्रयोगले गर्दा खाद्यान्न उत्पादन त बढाउन सकिन्छ तर स्वस्थ्य खाद्यान्नको स्तरमा ह्रास ल्याएको तथ्यहरू देखिन थालेका छन् र फलस्वरूप मानिसहरूको स्वास्थ्यमा विभिन्न समस्याहरू देखा पर्न सक्छन् । त्यस्ता रसायनहरूको मात्राले खाद्यचक्रमार्फत मानव शरीरमा नोक्सान पुऱ्याउँछन् र साथै वातावरणमा जटिलता ल्याउँछन् र जसको समाधान मानवका लागि ठूलो चुनौती हुन सक्छ । विश्व स्वास्थ्य संगठनको एक तथ्यांकअनुसार विश्वभरमा करिब २ करोड ५० लाख मानिसहरू कीटनाशक विषाक्तताका कारण प्रभावित हुने गर्छन् भने करिब २० हजारको प्रतिवर्ष मृत्यु हुने गर्दछ ।

आधुनिक समयमा ( क्लारोफ्लोरो) कार्बन्र्सको अत्यधिक प्रयोगले गर्दा ओजोन तहमा ह्रास आउने तथ्य सर्वविदितै छ । क्लोरोफ्लोरो कार्बन्सहरूले गर्मी पनि बढाउने गर्दछ । र यसको गर्मी बढाउने क्षमता कार्बनडाई अक्साइडको तुलनामा १५ हजार गुणा बढी हुन्छ । नासा २०२२ को एक तथ्यांकअनुसार अन्टारकटिका माथि करिब २३.१ लाख वर्ग किमि अर्थात् झन्डै उत्तर अमेरिकाको साइज जति ओजोन तहमा प्वाल देखिएको थियो । ओजोन तहको प्वालका कारण मानिसहरूमा छालाको क्यान्सर हुने सम्भावना बढाउम्छ, मोतियाबिन्दुलगायत आँखाको रोग बढाउँछ, शरीरको प्रतिरक्षा शक्ति प्रणालीमा कमजोरी ल्याउँछ, समुद्री खाद्य शृंखलामा बाधा पुऱ्याउँछ, खाद्य उत्पादनमा ह्रास ल्याउँछ र प्राकृतिक वनस्पतिको वृद्धि दरमा कमी ल्याउँछ । आज वातावरण दिवसको यस सन्दर्भमा हामी सबैले सम्बन्धित सरोकारवालालाई यी क्लोरोफ्लोरो कार्बन्सको प्रयोग र उत्पादन समाप्त अथवा उन्मूलन गर्नका लागि नेपालको तर्फबाट विश्व समुदायलाई आह्वान गरिनु पर्दछ ।

विश्वव्यापी उष्णताका कारण असामान्य जलवायु परिवर्तन देखिने छन् । विश्वका हिम नदीहरूमा ह्रास आउनेछ र जसको सीधै असर समाज र अर्थतन्त्रमा पर्नेछ । जैविक विविधतामा ठूलो ह्रास आउनेछ । सामाजिक द्वन्द्व र वातावरणीय ह्रास आउनेछ । अन्त्यमा, यसका असरबाट स्वच्छ पिउने पानी र खाद्यान्नको संकट निम्तिनुका साथै मानव सभ्यतामा ठूलो प्रश्न खडा गर्दै विश्वसामु ठूलो चुनौती थपिनेछ ।

विश्वव्यापी उष्णताको समाधानका निम्ति विश्वसमुदायबाट हरितगृह ग्यासहरूको उत्सर्जनको मात्रा घटाउन पहल हुनपर्छ । क्लोरोफ्लोरो कार्बन्सको उत्पादन र प्रयोगमा न्यूनीकरण गर्नुपर्दछ । वृक्षरोपण कार्यक्रमका साथै दिगो प्राकृतिक स्रोतको उपयोगमा विशेष जोड दिनुपर्छ ।

हरियो ऊर्जा प्रणालीलाई ऊर्जाको मुख्य आधार मानिनु पर्दछ । विश्वमा पृथ्वीको करिब ४० प्रतिशत जति भूभाग वनजंगल हुनु पर्दछ जो अहिले करिब २९ प्रतिशतमात्रै छ । यस सन्दर्भमा नेपालले हाम्रो वनको करिब ४६ प्रतिशत भूभाग पुऱ्याउन सके वातावरणमा ठूलो योगदान हुनेछ । वृक्षरोपण कार्यक्रमलाई प्रत्येक वर्ष प्राथमिकता दिइनु पर्दछ । जीवाश्म इन्धन दहनको सट्टामा नवीकरणीय ऊर्जा सुरुआत गर्न ढिलाइ गर्नु हुँदैन । नेपालमा सौर्य र हावाबाट उत्पादन गर्न सकिने ऊर्जाको प्रयोग सबैभन्दा उत्तम हुन सक्छ ।

मानव स्वास्थ्यका लागि वायु प्रदूषण सबैभन्दा ठूलो वातावरणीय चुनौती देखिएको छ र जसका कारण विश्वभरबाट करिब ७० लाख मानिसको असामयिक मृत्यु हुने तथ्यांक देखिएको छ । विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको हावाको स्तरभित्र विश्वको जम्मा १० प्रतिशत जनसंख्या मात्र स्वच्छ हावामा श्वास फेर्न पाउँछन् भने ९० प्रतिशत जनसंख्या कुनै न कुनै किसिकमबाट प्रदूषित हावामा सास फेर्न बाध्य छन् ।

विगत दशकहरूमा डीडीटी (डाइक्लोरो डाइफिनायल ट्राइक्लोरो इथेन) को प्रयोग कीटनाशक औषधिका रूपमा गरिएको थियो खासगरी मलेरिया उन्मूलनका निम्ति र यसको मात्रा अहिले पनि जीवजन्तुहरूमा जस्तै ह्वेलमाछा, बाघ, भालु, हरिण आदिमा भेटिने गरेको छ । र जुन खाद्य चक्रबाट मानिसको शरीरभित्र प्रवेश गरी नराम्ररी असर गर्दछ । यद्यपि यसको प्रयोग धेरै देशहरूले सन् १९७० ताका नै प्रतिबन्ध लगाइसकेका छन् तर कतिपय देशहरू अझै यसको प्रयोग गरिरहेका छन् । आजभोलि प्रशोधित खानाका कारण

*बाँकी पृष्ठ ३ मा*

## सम्पादकीय........

### प्लास्टिक प्रयोगले वातावरणमा असर

प्लास्टिकको प्रयोगले विश्व वातावरणमै ठूलो असर पारेको छ । प्लास्टिक एक मानव जीवनमा बहुउपयोगी वस्तु बनेको छ । अहिले काठ, माटो वा धातुबाट बनेका बस्तुहरु प्रयोगमा कमी आएको छ । किनभने प्लास्टिकबाट बनेका बस्तुहरु हलुका, किफायती र प्रयोग गर्न सजिलो हुने भएकोले यसको प्रयोग बनेको छ । विश्वमै प्लास्टिकबाट बनेका बस्तुहरुको प्रयोग बढेको छ ।

यसकारण विश्वभर प्लास्टिकको व्यवस्थापन गर्न ठूलो चुनौती बनेको छ । खोलाना, खुल्ला चौर, ल्यान्डफिड तथा हरेक ठाउँमा प्लास्टिकको फोहोर भएको देखिन्छ । यसले प्रकृति तथा मानव जीवनमा नकारात्मक असर पारेको छ । प्लास्टिकले वायु, जमिन र जल प्रदुषण भएकोले मानव लगायत सबै जीव जन्तु प्राणीहरुको स्वास्थ्यमा ठूलो असर पारेको छ । तसर्थ प्लास्टिकको उचित प्रयोग गर्नुपर्छ । प्लास्टिक प्रयोगबारे जनचेतना जगाउनुपर्छ ।

**डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं ।**

सुख्खा मौसममा डढेलो लाग्न सक्छ, डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, त्यसैले डढेलोबाट जोगिन:
- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घास जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रुपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- वन संरक्षणमा योगदान दिऔं ।

**चन्द्रिका पुलामी मगर अध्यक्ष**
जनहित सामुदायिक वन समुह
निजगढ ६ र ७

**डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं ।**

सुख्खा मौसममा डढेलो लाग्न सक्छ, डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, त्यसैले डढेलोबाट जोगिन:
- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घास जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रुपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- वन संरक्षणमा योगदान दिऔं ।

**कुश ब. थापा अध्यक्ष**
जन श्रृजनशिल सामुदायिक वन समुह
निजगढ ६ र ७

## हाम्रो अनुरोध

*तराई सञ्चार राष्ट्रिय दैनिक* पत्रिका तपाईलाई कस्तो लाग्यो ? पत्रिकामा आएका विषयवस्तु बारे तपाई आफ्नो धारणा राख्न सक्नुहुन्छ । साथै केहि परिवर्तन गर्नुपर्ने कुराहरु भए सुझाव दिन हुन हार्दिक अनुरोध गर्दछौं । तपाईका हरेक सुझाबले हामीलाई मार्गनिर्देश गर्नेछ । तपाईका घर आगनमा कुनै घटना घटेका भए तथा लेख र चना भए हामीलाई सर्म्पक गर्न सक्नुहुन्छ ।

**कार्यालय**: कलैया उपमहानगरपालिका–१ देवकोटा चोक, बारा
शाखा कार्यालय : निजगढ–७ शहीद चोक
जीतपुसिमरा–१ एयरपोर्ट रोड
**सम्पर्क नम्बरहरू** : ९८५५०२५३५३,९८४५१२८६८४
ईमेल–teraisancharbara@gmail.com

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा: बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।
बारागढी गाउँपालिका
खोपवा,बारा

अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं । अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं।
सुवर्ण गाउँपालिका
कवही गोठ, बारा

ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जर लगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं ।
विश्रामपुर गाउँपालिका
विश्रामपुर,बारा

आफ्ना व्यक्तिगत विवरणहरु ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।
आदर्श कोतवाल गाउँपालिका
महेन्द्र आदर्श, बारा

दर्ता नं. ३४/०६५/०६६ तराई संचार जिम्मेवार पत्रकारिता www.teraisancharnews.com राष्ट्रिय दैनिक www.teraisancharnews. com

## आर्थिक समाचार

# हिम स्टार ऊर्जा कम्पनीको आईपीओ जेठ ३० देखि खुल्ने




*काठमाण्डौं, जेठ २३*

हिम स्टार ऊर्जा कम्पनीको प्राथमिक सेयर (आईपीओ)मा जेठ ३० देखि आवेदन खुल्ने भएको छ। पहिलो चरणमा कम्पनीले प्रभावित स्थानीय र वैदेशिक रोजगारमा रहेकालाई आईपीओ निष्कासन गर्न लागेको हो। कम्पनीले कुल जारी पूँजी ३७ करोड ३० लाख रुपैयाँको ३० प्रतिशत सेयर सर्वसाधारण समूहका लागि निष्कासन गर्न लागेको हो। जसमध्ये १ लाख ८६ हजार ५ सय कित्ता आयोजना प्रभावितका लागि, ९३ हजार २५० कित्ता वैदेशिक रोजगारमा रहेकालाई छुट्याइएको छ।

प्रभावित र वैदेशिक रोजगारमा रहेकाले न्यूनतम १० तथा अधिकतम १० हजार कित्तासम्मका लागि आवेदन दिन सक्ने बिक्री प्रवन्धक एनआईसी एसिया क्यापिटलले सूचनामार्फत जनाएको छ। आयोजना प्रभावितका रुपमा ओखलढुंगा जिल्लाको खिजिदेम्बा गाउँपालिका वडा नम्बर ८, साविक भुसिङ्गा गाविसका सम्पूर्ण वडा र सोलुखुम्बु जिल्ला लिखुपिके गाउँपालिका वडा नम्बर २, साविक गोली गाविस वडा नम्बर १, २, ३, ४, ५ का स्थानिय बासिन्दा पर्दछन्।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाले छिटोमा असार १३ गतेसम्म तथा ढिलोमा असार २९ सम्म आवेदन दिन सक्नेछन् भने वैदेशिक रोजगारमा रहेकाले असार १३ सम्म आवेदन दिन सक्नेछन्। प्रभावित स्थानीयले सिटिजन्स बैंकका लिखुपिके शाखा, खिजिदेम्बा गाउँपालिका ८ मा रहेको महिला भवन तथा जनस्वास्थ्य भवन र सोलुखुम्बु जिल्ला लिखुपिके गाउँपालिका- २ को वडा कार्यालयबाट आवेदन दिन सक्नेछन्। साथै बिक्री प्रवन्धक एनआईसी एसिया क्यापिटलको वेबसाइटमार्फत पनि आवेदन दिन सकिनेछ।

वैदेशिक रोजगारमा रहेकाले अनलाइन प्रणााली मेरोसेयर मार्फत आवेदन दिन सक्नेछन्। कम्पनीले ओखलढुंगा र सोलुखुम्बुको सीमामा बग्ने बुकु कापटी खोलाबाट ५ मेगावाट क्षमताको आयोजना सञ्चालन गरेको छ। यसको कुल लागत १ अर्ब २३ करोड ८५ लाख ३६ हजार १३५ रुपैयाँ तथा प्रतिमेगावाट लागत २४ करोड ७७ लाख ७ हजार ३८७ रुप्याँ छ। (साभार–अनलाइनखबर)

# बजार घट्दा पनि यो साता मूल्य धेरै बढेका ९ कम्पनी

*काठमाण्डौं, जेठ २३*

अघिल्ला दुई साता बढेको सेयर बजार यो साता १.९६ प्रतिशत घटेको छ। यो साता बजारको परिसूचक नेप्से ५३ अंक घटेको हो। गत साता २६९३ अंकमा बन्द भएको बजार यो साता २६४० मा झर्‍यो। बजारसँगै कारोबार रकम पनि घट्दै गएको छ। पहिलो दिन आइतबार सार्वजनिक विदाका कारण बन्द भएको बजार सोमबार जम्मा १.६० अंक बढ्यो। मंगलबार ३५.७३, बुधबार ११.९७ र बिहीबार ५.९९ अंक घट्यो।

सोमबार ९ अर्ब २२



करोडको कारोबार भएकोमा मंगलबार ६ अर्ब ६७ करोडको भयो। बुधबार ५ अर्ब १६ करोडमा खुम्चिएको कारोबार बिहीबार ७ अर्ब ९७ करोडको भयो।

*(साभार–अनलाइनखबर)*

# मानव, वातावरण.........

मानिसहरूमा विभिन्न समस्याहरू जस्तै उच्च रक्तचाप, मधुमेह, हृदयाघात, स्ट्रोक, न्यायिक दर्द, श्वासप्रश्वाससम्बन्धी समस्या र क्यान्सरजस्ता रोगको समस्याहरूबाट पीडित हुनेजस्ता धेरै तथ्यांकहरू देखिएका छन्। जैविक एवं पर्यावरणमैत्री कृषि प्रणालीलाई अँगाल्नुपर्ने आजको प्रमुख आवश्यकता हो। जसको फलस्वरूप मानव स्वास्थ्यमा ठूलो योगदान दिन सकिन्छ। यस किसिमको कृषि प्रणालीमा बिना हर्मोन, बिना एन्टिबायोटिक्स, बिना कीटनाशक औष्धि, बिना कृत्रिम रासायनिक मल तथा बिना आनुवंशिक परिवर्तन (जिन परिवर्तन) मा आधार बनाइनु पर्दछ। विश्वभरमा यस किसिमका प्रणालीको खाद्य आवश्यकताको माग धेरै भए पनि आपूर्ति भने न्यूनतम मात्रै छ।

विश्वभरमा प्रतिवर्ष करिब एक लाख वर्ग किमि जति वनविनाश हुने गरेको छ। खासगरी वन विनाशका कारण र जमिनको प्रयोग परिवर्तनले गर्दा झन्डै १.७ अर्ब मेट्रिकटन प्रतिवर्ष कार्बन उत्सर्जन हुने गर्दछ र जसले विश्वव्यापी उष्णतामा ठूलो योगदान पुर्‍याउँछ। यसका लागि प्रायः उष्णकटिबन्धीय क्षेत्र बढी जिम्मेवार छन्। विश्व समुदायले वनरोपणमा प्राथमिकता दिई पृथ्वीको भू–भागको करिब २९ प्रतिशतबाट ४० प्रतिशत पुर्‍याउन सके विश्वको वातावरणमा ठूलो योगदान दिन सकिन्छ।

उत्तरी ध्रुवीय (आर्कटिक) समुद्री हिउँ ३० वर्ष अघिको तुलनामा आधा पग्लिसकेको छ र फलस्वरूप ध्रुवीय भ्यालुको संख्या घट्दै आइरहेको छ। अन्टार्कटिका हिउँका द्रुत गतिमा पग्लिरहेका छन् र त्यहाँ पाइने पेङगुइनहरू ५० वर्षअघिको तुलनामा आधा कम भइसकेका छन्। हिमालयका हिम नदीहरू द्रुत गतिमा पग्लिरहेका छन् र फलस्वरूप समुद्री सतहको वृद्धि हुने क्रम जारी छ। समुद्रहरूले बढी तापक्रम अवशेषित र भण्डारण गरिरहेका छन् र समुद्रहरूले बढी कार्बनडाई अक्साइड अवशोषित गरिरहेका छन् फलस्वरूप समुद्रमा अम्लीकरण भई चट्टानलाई क्षति पुर्‍याउँदै समुद्रको पारिस्थितिक प्रणाली खल्बलाइरहेका छन्। मानव क्रियाकलापहरूका कारण विश्वको वातावरण बिग्रिनुका साथै विभिन्न पारिस्थितिक प्रणालीहरू खल्बलिसकेका छन्। यसको समाधान लागि ढिलाइ भएको खण्डमा अकल्पनीय वातावरणीय परिस्थिति सिर्जना हुन सक्दछन।

अन्तमा, आजको विश्व वातावरण दिवसको सन्दर्भमा विश्वव्यापी उष्णताको समाधानका निम्ति विश्वसमुदायबाट हरितगृह ग्यासहरूको उत्सर्जनको मात्रा घटाउन पहल गरिनु पर्दछ। क्लोरोफ्लोरो कार्बन्सको उत्पादन र प्रयोगमा न्यूनीकरण अथवा उन्मूलन गरिनुपर्दछ। जैविक एवं पर्यावरण मैत्री कृषि प्रणालीलाई प्राथमिकता दिइनुपर्दछ। नेपालको तर्फबाट हामी सबैले वृक्षरोपण कार्यक्रमलाई प्राथमिकता दिनुका साथै दिगो प्राकृतिक स्रोतको उपयोगमा विशेष जोड दिन हुनुपर्छ। वातावरणविद् डा. भट्ट, टेक्सास ए ७ एम अन्तर्राष्ट्रिय विश्वविद्यालयका फ्याकल्टी हुन्। (साभार–अन्नपूर्णपोष्ट)


## SHREE JANAKALYAN BASIC SCHOOL
## श्री जनकल्याण आधारभूत विद्यालय

जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं. १५, नयाँबस्ती, बारा

**दोश्रो पटक प्रकाशित मिति २०८२/०२/२५**

**विषय : विज्ञापन सम्बन्धमा**

उपरोक्त सम्बन्धमा जीतपुरसिमरा उपमहानगरपालिकाको पत्र संख्या २०८१/०८२, च.नं. ६३९८ मिति २०८२/०२/२२ गतेको अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०२/२३ गतेको निर्णय अनुसार आधारभूत तह कक्षा ६–८ मा अंग्रेजी विषयको शिक्षण सहयोग अनुदान कोटा संख्या एक (१) मा करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रीतपूर्वक निवेदन माग गरिएको छ।

तपसिल

१. विज्ञापनको किसिम

| क्र.सं. | विज्ञापन नं. | तह/श्रेणी | दरबन्दी | विषय | पद संख्या | शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|---|---|---|
| ०१ | ०१/०८१/०८२ | नि.मा.तृतीय (आ.वि.) | शिक्षण सहयोग अनुदान (करार) | अंग्रेजी | १ (एक) | अंग्रेजी मूल विषय लिई शिक्षा सङ्कायबाट १०+२ वा सो सरह उत्तीर्ण। | १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको |

२. संलग्न गर्नुपर्ने कागजातहरु :
(क) निवेदन
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(घ) स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
३. परीक्षाको किसिम : लिखित र अर्न्तवार्ता।
४. परीक्षा दस्तुर : रु. १०००/–
५. निवेदन दिने मिति : २०८२/०२/२५ देखि २०८२/०३/०८
६. निवेदन दिने स्थान : विद्यालय प्रशासन (कार्यालय समयभित्र)
७. सम्पर्क नं. : ९८४८५३२८५५ (प्र.अ.), ९८४५२५२७१५ (सूचना अधिकारी)
८. सम्पर्क मिति : २०८२/०३/१०
९. तलब : शिक्षण सहयोग अनुदान वापत प्राप्त हुने रकम
१०. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।

गोकुल कुँवर
प्रधानाध्यापक
श्री जनकल्याण आधारभुत विद्यालय



## डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं।

सुख्खा मौसममा डढेलो लाग्न सक्छ, डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, त्यसैले डढेलोबाट जोगिनः

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घास जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- वन संरक्षणमा योगदान दिऔं।

**रामप्रसाद पाण्डे अध्यक्ष**
आदर्श सदाबहार सामुदायिक वन समुह
निजगढ ९, बारा



## जन ज्योति सा.वन उपभोक्ता समूहको सुचना

यस श्री जनज्योती सामुदायिक वन उपभोक्ता समुह निजगढ ७, बाराको मिति २०८१/११/२१ गते बसको बैठकको निर्णय अनुसार सुख्खा र गर्मीयामको सुरुवात संगै बन डढेलोको जोखिम बढ्ने हुदा विगतको बर्षहरुजस्तै यस वर्ष पनि सामुदायिक वन क्षेत्रभित्र २०८१ साल चैत्र १ गते देखी यस सा.व.उ.स.मा आवद्ध सम्पुर्ण उपभोक्ता सदस्यहरुलाई सुख्खा मौसम अवधिभर आफ्नो आफ्नो पालो पहरामा उपस्थित भई सामुदायिक वनको रेखदेख र गस्तीमा सहभागि भई सहयोग गरी दिनहुन हार्दिक अनुरोध साथ यो सुचना प्रकाशित गरिएको छ।

**अध्यक्ष**
**खडग बहादुर मोक्तान**
श्री जनज्योति सा.व.उ.स.
निजगढ ७, बारा



नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं। अखाद्य वा अन्य वस्तु प्रयोग बन्द गरौ
पचरौता नगरपालिका
बेनौली ,बारा

उपभोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं। निश्चित ठाउमा जम्मा गर्ने गरौ।
करैयामाई गाउँपालिका
करैया, बारा

बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो।
देवताल गाउँपालिका
पिप्राढी गोठ, बारा

बालविवाह जस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।
परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा

चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं। नियमित रुपमा शारीरिक व्यायाम गरौं।
परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा

मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेह जस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं। धुम्रपान र मद्यपान नगरौ।
फेटा गाउँपालिका
फेटा, बारा

# तेक्वान्दो खेलको प्रवर्द्धनका लागि खेलकुद सामग्री वितरण



◆तराई संचार
*निजगढ, जेठ २४*

बाराको निजगढ नगरपालिका–१ मा वडा कार्यालयले तेक्वान्दो खेलको प्रवर्द्धनका लागि खेलकुद सामग्री वितरण गरेको छ ।वडा अध्यक्ष मंगले लोप्चनले नेपाल तेक्वान्दो संघ बाराका अध्यक्ष चित्र बहादुर लामालाई खेलसामग्री तथा उपकरणहरू हस्तान्तरण गरेका हुन । खेलकुदको माध्यमबाट युवालाई अनुशासन, नेतृत्व र स्वस्थ जीवनशैलीतर्फ उन्मुख गराउने उद्देश्यले सामग्री वितरण गरिएको वडा कार्यालयले जनाएको छ ।

अध्यक्ष लोप्चनले खेल क्षेत्रमा वडाले निरन्तर सहयोग गर्दै जाने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।नेपाल तेक्वान्दो संघ बाराका अध्यक्ष लामाले वडा कार्यालयको सहयोगप्रति आभार प्रकट गर्दै यस्ता कार्यले स्थानीय स्तरमा खेलको विकासमा महत्वपूर्ण योगदान पुग्ने बताए ।

# धुमधामले मनायो मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद

*नेपालगञ्ज, जेठ २४*

मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) आज यहाँस्थित विपी चोकको इदगाहमा धुमधामले मनाइएको छ । इदुल फित्रअर्थात् रमजान पर्वको ७० औं दिनमा बकर इद मनाउने धार्मिक विधिअनुसार इदगाहमा भेला भएर सामूहिक नवाज पढिएको छ ।

इदगाहभित्रको स्थान साँघुरो भएका कारण अधिकांश इदगाह बाहिर सडकमा बसेर नवाज पढ्नुभएको देखिन्थ्यो । बिहानै स्नान गरेर नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्ने र नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने गरिएको नेपालगञ्ज उपमहानगरपालिकाका उपप्रमुख कमरुद्धिन राइले जानकारी दिए ।

उनले यसको विशेषता भनेकै गरिब समुदायको उत्थान भएको उल्लेख गर्दै कुर्बान अर्थात् बलि गरिएको मासुलाई तीन भागमा विभाजन गरेर इष्टमित्र, आफन्तजन र गरिव, विपन्न समुदायलाई वितरण गरिने बताए । हिजरी संवत्अनुसार १४४० वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा सो पर्व मनाउन थालिएको हो ।

नेपालगञ्जका स्थानीय हलिम खानले मुस्लिम समुदायको उक्त पर्वको ऐतिहासिक घटनाक्रम रहेको उल्लेख गर्दै कुर्बान गर्ने प्रचलनसँग यसलाई जोडेर हेर्न मिल्ने बताए । धार्मिक मान्यताअनुसार अल्लाहका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो ।

जसलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जन्नत) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ । त्यसैले अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ। निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका थिए । कुर्बान गरेको मासु तीन भागमा वितरण हुने गरेको छ । एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैँले खानुपर्ने मुस्लिम धार्मिक मान्यता रहेको छ । (साभार–रातोपाटी)

## बाराको ......................

वडा अध्यक्ष बिरिज चौधरी अतिथिहरुमा समाजसेवी रुपनारायण साह,खडक नारायण चौधरी लगायतको उपस्थिति रहेको थियो । त्यसैगरी कार्यक्रममा सुनिल चौधरी , जगनारायण चौधरी,वडा न ७ का महिला सदस्य मैना देवि चौधरी ,रामनाथ चौधरी ,रमेश साह,रामअङ्या चौधरी ,जियालाल साह, बारा चौकी बारा बजारका प्रमुख नागेन्द्र यादव लगाएतको उपस्थिति थियो ।

## निजगढमा .................

उत्कृष्ट प्रदर्शन गर्ने २ जना खेलाडीलाई राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा निजगढका संस्थापक नगर अध्यक्ष एवं जिल्ला सचिव रामहरि खरेलले ब्याट र क्रीकेट बल प्रदान गर्नुभएको थियो। त्यसैगरी स्थानीय व्यवसायी एंव सागर पुस्तक भण्डारका संचालक शंकर थोकरले नव उत्साही खेलाडीको हौसला बढ्ाउन क्रिकेट किट्सको व्याग वितरण गर्नुभएको थियो ।

## सिंगौलमा .................

मङ्गल लोप्चनको प्रमुख आतिथ्यतामा शिविर सम्पन्न भएको हो। समारोहमा सिटी हस्पिटलका सञ्चालक सञ्जीव यादव,कार्यपालिका सदस्य फुलमाया लामा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सञ्जीव लोप्चन, विद्यालयकी प्रधानाध्यापक धनकुमारी सिग्देल लगायतको उपस्थित रहेको थियो । संस्थाका उपाध्यक्ष महेशी कुमर, सदस्य खड्गप्रसाद उप्रेती, समाजसेवी नवराज तिमल्सिनाको समेत उपस्थिति रहेको थियो ।अध्यक्ष सावित्रीदेवी भारतीको अध्यक्षतामा भएको थियो । शिबिरमा निजगढ आँखा अस्पतालका सञ्चालक दिलीप कुमार यादव तथा डेन्टिस्ट डा. दिनेश पटेलकोसहभागिता थियो । शिविरमा सहभागीहरूले ओपिटी जाँच, आँखाको जाँच र दाँतको जाँच गर्नुका साथै आवश्यक औषधिहरू समेत नि:शुल्क वितरण गरिएको थियो। विद्याथीहरूलाई ब्रस, साबुन तथा टुथपेस्ट वितरण समेत गरिएको आयोजकले जनाएको छ ।

# जनमत पार्टी निकट प्रेस जनमत संघ बारामा अनिल पाण्डेय




कलैया । जनमत पार्टी निकट प्रेस जनमत संघ बाराको विस्तारित बैठकले अनिल पाण्डेयको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति पुनर्गठन गरेको छ । शनिबार संघको सम्पन्न बैठकले अध्यक्षमा अनिल पाण्डेयलाई चयन गरेको हो ।

निवर्तमान अध्यक्ष अमरेश पाण्डेय र उमेश दुबेलाई संघको केन्द्रीय सदस्यका लागि सिफारिस गर्ने निर्णय समेत गरेको बैठकले गरेको छ। कलैयामा सम्पन्न बैठकमा जनमत पार्टीका बारा जिल्ला इन्चार्ज शिवनाथ पटेल, नेता प्रभु पटेल, ओमप्रकाश साह, संतोष पटेल लगायतको उपस्थिति रहेको थियो । नवनिर्वाचित अध्यक्ष अनिल पण्डेयले कार्यसमिति गठनसँगै संघलाई थप क्रियाशील र प्रभावकारी बनाउने बताएका छन ।

**डेँगी रोगबाट कसरी बच्ने?**

लामखुट्टेको टोकाईबाट हुने डेँगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ ।

१. लामखुट्टेको टोकाईबाट बच्न पुरा बाहुला भएको लुगा लगाउने ।
२. झुल भित्र मात्र सुत्ने ।
३. घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
४. घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने ।
५. खाल्डा खुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
६. गमलाको प्लेट, फुलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने ।
७. पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने ।
८. साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिदा, वा पार्कमा जाँदा/ बालबालिकालाई लैजाँदा लामखुट्टे नटोकोस् भनेर विशेष सावधानी अपनाउने ।
९. लामखुट्टेको वासस्थान खोजी नष्ट गर्ने ।
१०. डेँगी रोग सार्ने लामखुट्टे दिउँसो पनि सक्रिय रहने हुँदा टोकाईबाट बच्न दिउँसो पनि विशेष सावधानी अपनाउने ।

आ.व. २०८१/०८२
जीतपुरसिमरा उपमहानगरपालिका
जन–स्वास्थ्य प्रवर्द्धन शाखा
जीतपुर, बारा

# शिक्षा क्षेत्रमा मौलापुर नगरपालिका उत्कृष्ट घोषित

कास्की, जेठ २४

रौतहटको मौलापुर नगरपालिका मधेस प्रदेशभित्र शिक्षा क्षेत्रमा उत्कृष्ट भएको छ। पोखरामा आयोजित प्रिन्सिपल एसोसिएसन अफ नेपाल (पान) को दोस्रो राष्ट्रिय सम्मेलनका क्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले उक्त पुरस्कार प्रदान गरेका हुन् । त्यस अवसरमा मौलापुर नगरपालिकाका प्रमुख रिनाकुमारी साहलाई शिक्षा क्षेत्रमा उत्कृष्ट काम गरेको भन्दै उत्कृष्ट अवार्डबाट पुरस्कृत गरियो । पानले प्रत्येक वर्ष प्रदान गर्ने उत्कृष्ट




पालिका पुरस्कार यसपटक मौलापुर नगरपालिकाले प्राप्त गरेको हो ।

शिक्षाविद् प्राडा विद्यानाथ कोइरालाको नेतृत्वमा गठित समितिले २५ वटा शैक्षिक मापदण्ड पूरा गरेको मौलापुर नगरपालिका मधेस प्रदेशकै उत्कृष्ट ठहरिएको आयोजकले जनाएको छ । मौलापुरको नगरले विकास बजेटको ४३ प्रतिशत हिस्सा शिक्षा क्षेत्रमा लगानी गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले जानकारी दिए । गत वर्षको माध्यमिक शिक्षा परीक्षामा मौलापुर नगरपालिकाका ७५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।

आम जनता पार्टीकी नेत्री साह दोस्रो कार्यकालका लागि नगर प्रमुखमा निर्वाचित भएकी छन् । समग्रमा मधेस प्रदेशमा एसइई उत्तीर्ण प्रतिशत ३० मात्रै रहेको छ। मौलापुरले लिएको शून्य कर नीतिको देशव्यापीरुपमा चर्चा हुँदै आएको छ । नगरपालिकाले कृषि तथा घरायसी प्रयोजनका लागि विद्युत् र पानीको महसुस नि:शुल्क बनाएको छ । (साभार–रातोपाटी)

## कलैयामा ..............

फिल्डर,बेस्ट स्टाइकर,हाइ स्कोरर बेस्ट कोच,मेन अफ दि सिरिज दिइने क्लबका अध्यक्ष अजयकुमार साह जानकारी दिए ।सो प्रतियोगिताको कुल लागत १२ लाख ४५ हजार ५ सय १ रुपैयाँ रहेको उनले बताए ।

**जीतपुरसिमरा उपमहानगरपालिकाको नदिजन्य पदार्थको विक्री वितरण सम्बन्धि सुचना**

प्रस्तुत विषयमा चालु आ.व. २०८१/८२ को एघारौं नगरसभाको निर्णय नं. १८ अनुसार .... *पटके नदि प्रवेश आदेश जारी गरी नगर कार्यपालिकाको कार्यालय जीतपुर र सबै वडा कार्यालयबाट राजश्व लिने व्यवस्था सहित अमानतमा नदिजन्य पदार्थको बिक्रि वितरण गर्ने* भनि निर्णय भए अनुसार सम्बन्धित वडा कार्यालयबाट नदिजन्य पदार्थको राजस्व बुझि तोकिएको पटके नदि प्रवेश आदेश र नगदि रसिद संयुक्त रुपमा जारी गरी ओसारपसारको व्यवस्था गरिएको हुँदा सम्बन्धित (टयाक्टर/गाडा बाट ढुवानि गर्ने) सबैमा यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै पटके नदि प्रवेश आदेश नलिई यस पालिकाको दुधौरा, बालगंगा र पसाहा खोलाबाट अवैध रुपमा नदिजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनलाई नियन्त्रणमा लिई नियमानुसार जरिवाना रकम लिई कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा

घरबाट निस्कने फोहर निश्चत स्थानमा विसर्जन गरौ ।
घर नक्सापास गरेर मात्र बनाऔ।
जोडोमा न्यानो कपडा लगाऔ ।
जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं । जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
कलैया उपमहानगपालिका
कलैया,बारा

सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
निजगढ नगरपालिका
निजगढ,बारा

वातावरण हामी सबैका साझा सम्पत्ती हो । जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ। लैगिंक हिंसा सामाजिक अपराध हो। हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।
कोल्हवी नगरपालिका
कोल्हबी ,बारा

सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं । घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहर को उचित व्यवस्थापन गरौं ।
सिम्रौनगढ नगरपालिका
सिम्रौनगढ,बारा

कुहिने, नकुहिने र पुन:प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं । कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
महागढीमाई नगरपालिका
बरियारपुर,बारा

"समयमा नै कर तिरौं, नगरको विकासमा सहभागि बनौं, हामीले तिरेको कर हाम्रै लागि हो '–कलैया उपमहानगरपालिका कार्यालय, कलैया, बारा

**प्रकाशक/सम्वादक** : गुरुप्रसाद गौतम (९८५५०२५३५३), **कार्यकारी सम्पादक** :- **सिकेन्द्र पासवान** (९८४५१२८६८४)
मुख्य कार्यालयः कलैया–१ देवकोटा चोक, शाखा कार्यालय निजगढ–६, शाखा जीतपुरसिमरा १ बारा **Email**-teraisancharbara@gmail.com, **मुद्रण**: तराई अफसेट प्रेस, सिमरा